# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) वीरेन्द्रनगर, सुर्खेत, भदौ १६ गते, २०८२ साल (संख्या ०७


## भाग-३

### कर्णाली प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### <u>सूचना</u>

**<u>कर्णाली प्रदेश निजामती सेवाका कर्मचारीको सरुवा तथा फाजिल व्यवस्थापन सम्बन्धी मापदण्ड २०८२</u>**

**<u>प्रस्तावना:</u>** कर्णाली प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीको सरुवा तथा फाजिल कर्मचारीको पारदर्शी र निष्पक्षरुपमा व्यवस्थापन गरी प्रभावकारी सेवा प्रवाह गर्न कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १४० को अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यो मापदण्ड बनाएको छ।

CamScanner

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो मापदण्डको नाम कर्णाली प्रदेश निजामती सेवाका कर्मचारीको सरुवा तथा फाजिल व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८२ रहेको छ।

(२) यो मापदण्ड प्रदेश राजपत्रमा सूचना प्रकाशन भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "अन्तर मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको एक मन्त्रालय वा अन्तर्गतबाट अर्को मन्त्रालय सो अन्तर्गत सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले कर्णाली प्रदेश निजामती सेवा ऐन २०८०, सम्झनुपर्छ।

(ग) "निकाय" भन्नाले कर्णाली प्रदेश सरकार अन्तर्गतका विषयगत मन्त्रालय र सो अन्तर्गतका आयोग वा सरकारी प्रतिष्ठान वा प्रदेश वा जिल्ला तहमा अवस्थित केन्द्र कार्यालय वा शाखा वा इकाइ सम्झनुपर्छ।

(घ) "नियमावली" भन्नाले कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० सम्झनुपर्छ।

(ङ) "कार्यालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनुपर्छ।

## परिच्छेद-२

## सरुवा तथा फाजिल सम्बन्धी ब्यवस्था

३. **अख्तियारवालाले मन्त्रालयको समन्वयमा सरुवा गर्न सक्नेः** ऐनको दफा २४ को उपदफा (१) बमोजिम नवौं र दशौं तहका कर्मचारीको अख्तियारवालाले सम्बन्धित मन्त्रालयको समन्वयमा सरुवा गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय



CamScanner

४. <u>अन्तर मन्त्रालय सरुवा:</u> (१) कार्यालयले ऐन, नियमावली तथा यस मापदण्डको अधिनमा रही सबै सेवा, समूहको निकायमा सरुवा गर्न सक्नेछ।

(२) मन्त्रालय वा निकायमा कार्यरत कर्मचारीलाई सामान्यतया ऐन तथा नियमावलीमा तोकेको अवधि बमोजिम सरुवा गरिनेछ।

तर ऐनको दफा २४ को उपदफा (३) बमोजिम ऐन तथा नियमावलीमा तोकेको अवधि पुरा नभए तापनि देहायको अवस्थामा अख्तियारवालाले सरुवा वा कामकाज गर्न खटाउन सक्नेछ:-

(क) अदालतबाट पुनर्वहाली वा निलम्बन फुकुवा भई आएमा,

(ख) नयाँ नियुक्ति वा बढुवा भईआएमा,

(ग) अध्ययन र असाधारण विदा समाप्त भई आएमा,

(घ) आयोजनाको स्थायी वा अस्थायी संगठन संरचना स्वीकृत भई कर्मचारी व्यवस्थापन गर्नु परेमा,

(ङ) फाजिलमा रहेका कर्मचारीलाई व्यवस्थापन गर्नु परेमा,

(च) कुनै कर्मचारीलाई ऐनको दफा २४ को उपदफा (३) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा भएको व्यवस्था बमोजिम अख्तियावालाले कार्यालयको सहमति लिइ सरुवा वा कामकाजमा खटाउन सक्नेछ।

स्पष्टिकरण: यस दफाको प्रयोजनको लागि विशेष जिम्मेवारी भन्नाले निर्वाचन, लेखापरीक्षण, परीक्षा सञ्चालन, तालिम, नापी टोली, सर्वेक्षण, कुनै घटनाको जाँचबुझ वा छानबिन, महामारी वा सङ्क्रामक रोग नियन्त्रण, विपद् व्यवस्थापन वा कार्यालय प्रमुख, आयोजना प्रमुख, आर्थिक प्रशासन तथा प्राविधिक ज्ञान सीप आवश्यक पर्ने पदमा जिम्मेवारी दिने कार्य सम्झनुपर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय



CamScanner

५. <u>कार्यालयसँग सहमति लिनु पर्नेः</u> ऐन तथा नियमावलीमा तोकिएको सरुवा समय तालिका बाहेकको समयमा रिक्त पदमा तथा दफा ४ को उपदफा (२) को अवस्थामा सरुवा गर्दा अख्तियारवालाले कार्यालयको सहमति लिनुपर्नेछ।

६. <u>सरुवाको अभिलेखः</u> (१) कार्यालय, मन्त्रालय वा निकायले भौतिक र डिजिटल रुपमा सरुवा सम्बन्धी अभिलेख व्यवस्थापन गर्नुपर्नेछ।

निर्णय भएको मितिः २०८२/०५/16

आज्ञाले,
बीरेन्द्र बहादुर के.सी.
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

आन्तरिक मामिला तथा कानून मन्त्रालय